# SXS MAGIS

Newsletter of
St. Xavier's School Sadakbari

10 November 2020 Volume 3

## विश्वव्यापी कोरोना भाइरसले लाखौँको ज्यान लियो ।

आजको युग एक्काइसौँ शताब्दीको वैज्ञानिक युग हो । मानव वृद्धि र विकासको इतिहासले विभिन्न जटिलता महामारी र कालखण्डहरुलाई पार गर्दै अगाडि बढिरहेको छ । विगतका समयहरुमन औँलो ज्वरो , विफर , ठेउला , दादुरा , डेङ्गो , इबोला आदि रोगको महामारीबाट मानिसको मृत्यु हुने गरेको कुरा हाम्रा वृद्धबुबा आमा, हजुरबाबाट सुन्दै आएका छौँ ।

कोविड १९ कोरोना भाइरसको आतंककारी संक्रमणले आज विश्व नै संत्रास्त छ । चीनको हुवान शहरमा २०१९ डिसेम्बरबाट देखा परेको यस रोगले हालसम्ममा लगभग ११ लाख मानिसको ज्यान लिइसकेको छ , भने संक्रमणको अवस्था दिनको दुई गुणा रातमा चार गुणाले मृत्यु भइरहेको छ । आज विश्वका कुना कुनामा बस्ने मानिसको कतिखेर ज्यान जाने हो भन्ने डरले ग्रसित हुन बाध्य भएका छन् । विश्वका शक्तिसम्पन्न भनिएका राष्ट्रहरु अमेरिका , भारत , इटाली , रुस जस्ता मुलुकहरुमा यो रोगबाट ज्यान जानेको सङ्ख्या अत्यन्तै बढी रहेको हुँदा विभिन्न वैज्ञानिक अनुसन्धान प्रयोग र आणविक युद्धका क्षेव्यास्त्र बनाएर विश्वलाई नै आफनो कब्जामा राख्न दुष्प्रयास गर्ने यी राष्ट्रहरुलाई एउटाको औषधी पत्ता लगाउन नसक्नु अन्य राष्ट्रहरुको लागि हाँस्यास्पद घटना बनेको छ । ध्वस्त गर्न जति सजिलो छ निमार्ण गर्नको लागि त्यो भन्दा चौगुणा जटिलता छ भन्ने कुरा उक्त घटनाले पुष्टि गर्दछ ।

कोरोना भाइरस संक्रमण रोगका विभिन्न देशले भिन्न तरिका अपनाएता पनि यो रोग रोकिएको छैन । साबुन पानीले बेला बेलामा मिचिमिची हात धुने , बसाइ दुरी न्युनतम रुपमा दुई मिटर कायम गर्ने , नाक र मुख छोप्ने गरी मास्क लगाउने , सेनिटाइजरको राम्ररी सदुपयोग गर्ने, हाच्छ्युँ गदा वा खोक्दा नाक मुख छोप्ने , धर्मलगनबाट ज्वरो परीक्षण गर्ने तथा कोरोना सम्बन्धी केहि लक्षण देखापरेमा स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य कमीको सम्पर्कमा जाने जस्ता क्रियाकलापहरु जनकारी सरकारको तर्फबाट भएता पनि दिनानु दिन मृतकको सङ्ख्या तिव्र गतिमा बढ्दो छ । राज्यले गरेको लकडाउन कार्यक्रम र क्वारेन्टाइन तथा आइसोलेसन कक्षहरुमा संक्रमितको लागि गरिने स्याहार सुस्याहार र हेरचाह उपयुक्त खालको छैन ।

यस्तै रीतले संक्रमण फैलदै जाने हो भने आजका युवा युवती र भोलि जन्मने बालबालिकाहरु यो रोगको जन्म देखिनै सिकार हुने अवस्था तिव्र गतिमा देखिन्छ । कोरोना भाइरसको नियन्त्रणका लागि WHO ले चाल्नुपर्ने भुमिका अधुरो रहेको महसुस भइरहेको छ । विश्वका स्वास्थ्यकर्मीहरुको सम्मेलन गराएर औषधी अथवा खोप उपलब्ध गराउनु पर्ने , रेडियो तथा टि भीका गफगाफले मात्र विश्वका जनताको स्वास्थ्यमा सुधार आउदैन । कोरोनाको नाममा कामै नदिने चिजहरु खरिद गर्ने र पैसा कमाउने मानसिकता बोकेको कोरोना संक्रमणको अवस्थामा घटेका आप्रिय घटनाहरुले पुष्टि यरेका छन् ।

सबैले खान पाउने , बाँच्न पाउने अधिकारलाई सुरक्षित गरौं कोरोनाबाट आफू पनि बाचौं र अरुलाई पनि बचाऔं । यो पृथ्वीमा एकपल्ट आएको सुन्दर जीवनलाई सफल बनाउनको लागि कोभिड १९ को विरुद्धमा सबै लडौं नराम्रा व्यवहार सुधारौं सबै असल बनौं यसैमा हाम्रो कल्याण छ । अन्त्यमा हाम्रा वैज्ञानिक चिकित्सकहरुबाट यो रोग नियन्त्रणको लागि आवश्यक औषधी र स्वाब परीक्षण गरी घरमै सुरक्षाकर्मीहरुद्वारा खोपको व्यवस्था मिलाउने क्रममा सबैको ध्यान आकर्षण गराउन चाहान्छु ।

**ऋचा निरौला (कक्षा : ७)**

## ARTS CORNER




◊ सुजाता राजवंशी (कक्षा : ७)

**Our prayers are with all those suffering from the COVID-19 crisis.**

## कोरोना

विश्वभरि लियो कोरोनाले ज्यान
हात मुख धुनलाई दिनुपर्ने ध्यान
कस्तो होला कोरोना कहाँबाट आयो ?
सबै भन्छन् महामारी चाइनाबाट आयो ।

माछामासु बासी खाना कहिल्यै खानु हुन्न रे
मास्क नलाई यताउता काहीँ जानु हुन्न रे
बाहिर गई आएपछि साबुनले हात धुनुपर्छ
यति गरेपछि रोग सर्नबाट रोक्छ ।

ठुलो रोग कोरोना भनी सबैलाई जनाऊ
सगैँ बस्ने बानी हटाइ दुई मिटर दुरी बनाऊ
कोरोनालाई हरेकले बुझ्नुपर्छ आज
लाखौँको ज्यान लियो करोडौँको माझ

**रिहा निरौला ( कक्षा : ५ )**

## लाखौँले ज्यान गुमायो

कोरोना कोरोना कस्तो यो हल्ला भयो ,
जसले हामी सबैको मनमा डर जगायो ।
हेर्दा सानो जीव अरे तर संसारलाई हल्लायो ,
कोरोनाकै कारणले हामीलाई घरमै कैद बनायो ।

साना ठुला धनी गरीब सबैलाई रुवायो ,
देशले पनि लकडाउन र बन्दले झनै सतायो ।
विद्यार्थीको जीवनमा त अन्धकार नै मौलायो ,
न केही गर्न दियो न केही सिक्न दियो ।

एक एक दानाको लागि गरीबलाई तड्पायो ,
साथीभाइलाई भेट्दापनि दुई मिटर टाढा बनायो ।
कस्तो खालको कोरोना रहेछ
भेदभावको भावना जगायो ,
त्यही कोरोनाकै कारणले लाखौँले ज्यान गुमायो ।

**रिंकी राजबंशी ( कक्षा : ७ )**

## कोरोनाको शिकार

गरौँ सबै मिलेर , कोरोनाको शिकार
हात धोऔँ मिलाएर , साबुन पानी मिचेर ।

टाढा टाढा बसेर , खोक्दा मुख छोपेर
टम्म मास्क लगाएर , नाक मुख ढाकेर ।

जथाभावी नछुनु , बाहिरका सामान
छोएपछि नभुल्नु , सेनिटाइजर लगाउन ।

लागे सुख्खा खोकी , आए ज्वरो साथै
शङ्का लागे कोरोनाको अस्पताल जाऔँ झट्टै ।

**कृतिका निरौला ( कक्षा : ५)**

# STAY HOME, STAY SAFE!

Corona Virus – Covid 19 disease causes a respiratory infection in humans. They belong to the group of viruses that can cause diseases in mammals and birds. They are not a new concept for the medical unit around the globe. But Novel Corona virus – 2019 is the new arrival of viruses in the family of Corona virus.
Novel Corona virus 2019 (Covid – 19) was initially transmitted from birds to animals. The first transmission was observed or we can say that the origin of Novel corona virus was in Wuhan, China. They warm the human respiratory system and the initial symptoms of the corona virus disease can be developed from 4 to 14 days. The other symptoms of corona virus are as follow:-

**Less common symptoms**
i) Aches and pains ii) Conjunctivitis iii) Sore throat iv) Headache
v) Diarrhea vi) Loss of taste or smell vii) A rash on skin.

**Most common symptoms**
i) Fever ii) Breathing difficulties iii) Dry cough
iv) Shortness of breath v) Tiredness

**Serious symptoms**
i) Difficulty breathing or shortness of breath. ii) Chest pain or pressure
iii) Loss of speech or movement.




In our country there are 105,684 corona virus cases. There are 614 deaths in our country and 74252 are recovered from this virus so far. We have to be very careful from this virus. We should not touch anything. If we touch anything then we have to wash our hand. We should use masks to escape and gloves also. We should use sanitizer every time. Most of people can be recovered by following ways.

i) If we are infected by this virus, we should stay in quarantine or home quarantine for 14 days.
ii) If the infection is serious then we should stay separately and go to hospital isolation.
Iii) If we know that we are infected by this virus, we should not move around and touch anybody.
Iv) We should follow the doctor's advice sincerely.
V) There should not be crowed of people like fair, seminars, functions etc.

The infection of corona virus is increasing day by day in the world. Many scientist and doctors are trying to find the medicine for this virus but they were not successful. Therefore, we should be very conations about this virus. So, it is better to stay at home and stay safely.

**MONIKA KHULAL ( CLASS-7 )**

## रोगसँग डराएर हैन , सचेत भएर अघि बढौं ।